जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)–०३९/०४०

# नवीन साप्ताहिक

म.जि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ४३ अंक २७ २०८१ साल फागुन ४ गते आइतवार (16 Feb. 2025 Sunday) मूल्य रु. ७/-

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र* – **पृष्ठ २ मा :** २० बुदे माग राखि मलाह ... **पृष्ठ ३ मा :** सामाजिक सञ्जाल ... **पृष्ठ ४ मा :** कतारले देखाएको ... **पृष्ठ ५ मा :** 'बिग इन्डस पदमनगर' ...

## बलान बिहुल गाउँपालिका कार्यसम्पादन मूल्यांकनमा जिल्लामै पहिलो




**राजविराज**/सप्तरीको बलान बिहुल गाउँपालिका कार्यसम्पादन मूल्यांकनमा जिल्लामै पहिलो स्थान प्राप्त गर्न सफल भएको छ ।

राष्ट्रिय प्राकृतिक श्रोत तथा बित्त आयोगले आर्थिक वर्ष २०८०/०८१ को सार्वजनिक गरेको कार्यसम्पाद मूल्यांकनमा बलान बिहुल गाउँपालिका सप्तरीमा पहिलो स्थान प्राप्त गरेको हो ।

बलान बिहुलले सबै भन्दा बढी ५५.९ प्रतिशत अंक प्राप्त गरेको छ । बलान विहुल जिल्लामा प्रथम स्थान प्राप्त गरेपछि गाउँपालिका अध्यक्ष खेमचन्द्र यादवले सबैको साथ र सहयोगबाट सफलता पाएको प्रतियक्रिया दिएका छन् ।

उनले अगामी बर्षमा यो भन्दा पनि राम्रो अंक ल्याउने गरी पालिकाले कार्य सम्पादन गर्ने प्रतिवद्धता समेत जनाए ।

जिल्लामा १८ वटा पालिका रहेकोमा ५१.८ प्रतिशत अंक प्राप्त गरेर बोदेबर्साइन नगरपालिका दोश्रो र ४९.५ प्रतिशत अंक प्राप्त गरी सुरुङ्गा नगरपालिका तेश्रो स्थानमा रहेको छ । यसैगरि सबभन्दा कम २९ प्रतिशत अंक प्राप्त गरी तिलाठी कोइलाडी गाउँपालिका १८औं परेको छ ।

योजना छनौट, विनियोजित बजेट, त्यस्को कार्यान्वयन, राजस्व निर्धारण, राजस्व संकलन, लक्ष्य प्रगति, लेखापरिक्षण, योजनाको प्रभाव, कार्यालयको व्यवस्थापन, लेखा परिक्षण, बेरुजु लगायतका सूचकका आधारमा आयोगले १०० पूर्णाङ्कको अंक निर्धारण गरेर आर्थिक वर्ष सकिएपछि प्रत्येक वर्ष प्रदेश र स्थानीय सरकारको कार्यसम्पादन मूल्यांकन नतिजा सार्वजनिक गर्दै आएको छ ।

## अध्यादेशको बिरोध गर्नु अस्थिरता निम्त्याउने प्रयास : नेता ज्ञवाली




**राजविराज**/नेपाल कम्युनिस्ट पार्टी (एमाले) का उपमहासचिव प्रदिप ज्ञवालीले अध्यादेशको बिरोध गर्नु अस्थिरतालाई निम्त्याउने सरह हुने बताएका छन् । उनले यसलाई गम्भिरता पूर्वक अध्ययन गरेर मात्र प्रतिक्रिया ब्यक्त गर्नका लागी आग्रह गरेका छन ।

शनिवार प्रेस चौतारी नेपाल सप्तरीद्वारा राजविराजमा आयोजित पत्रकार सम्मेलनमा उनले यस्तो बताएका हुन । अस्थितरता पैदा गर्नुमा माओवादी अध्यक्ष प्रचण्ड अग्रपंक्तीमा रहेको भन्दै उनले आफु सत्तामा रहदा सबै ठिक देख्ने अनी सत्ताबाट हट्ने वित्तिकै सबै बेठिक भयो भन्दै अस्थिरता निम्त्याउने प्रचण्डको स्वभाव नै रहेको बताए ।

उनले माओवादी अध्यक्ष प्रचण्ड अहिले राजावादीहरु संग हिमचिम बढाएको आरोप समेत लगाए । भुमिहीन तथा सर्वाहाराको हितका काम गरेको दाबी प्रस्तुत गर्ने माओवादीले ४ लाख भुमिहीनको समस्या समाधान हुने गरी ल्याइएको भूमि सम्बन्धि अध्यादेशको कसरी विरोध गर्न मिल्छ भनी प्रश्न गरे ।

माओवादी केन्द्र संगै जसपा, लोसपा लगायतले भूमिहीन सम्बन्धि अध्यादेशको मर्म र कुरै नबुझी बिरोध गर्न थालेको उनको टिप्पणी छ । बनजंगल तथा निकुंज मासेर जग्गा बाड्ने उदेश्यले भूमि सम्बन्धि अध्यादेश ल्याइएको होइन भन्ने दाबीका साथ उनले ५० औं वर्ष देखी वसोवास गरेको जग्गाको स्वामित्वबाट बेदखल रहेका, आवासको हकको संबैधानिक ग्यारेन्टीबाट बञ्चित रहेको लगायत भुमिहीन जनताको समस्या समाधानका लागी यस्तो अध्यादेश ल्याइएको उनले प्रस्ट पारे ।

सरकार अभिब्यक्ती तथा प्रेस स्वतन्त्रताको विरोधमा छ भन्ने कुरा सोच्न पनि नसकिने दाबीका साथ उनले समाजिक सञ्जालमा चरित्र हत्या गर्ने, समाजिक सदभाव विथोल्ने तथा आत्महत्या गर्न सम्म ब्यक्तीलाई बाध्य तुल्याउने जस्ता कुकृत्य हुन थालेपछी त्यसको नियमन गर्न मात्र सरकारले चाहेको उनले जिकीर गरे ।

प्रेस चौतारी नेपाल सप्तरीका अध्यक्ष डम्बर राईको अध्यक्षतामा आयोजित पत्रकार सम्मेलनमा एमालेका स्थायी कमिटी सदस्य एवं मधेश प्रदेश इन्चार्ज, लिलानाथ श्रेष्ठ, मधेश प्रदेशका गृह सञ्चार तथा कानुन मन्त्री एवं एमालेका केन्द्रिय सदस्य राज कुमार लेखी, एमालेका मधेश प्रदेश अध्यक्ष चन्देश्वर मण्डल, जिल्ला इन्र्चाज सुमन राज प्याकुरेल, जिल्ला अध्यक्ष ताराकान्त चौधरी लगायतको उपस्थिती रहेको थियो ।

## मधेश कृषि विश्वविद्यालयका कर्मचारीले तलव नपाएपछि गरे तालाबन्दी

**राजविराज**/मधेश कृषि विश्वविद्यालयका प्राध्यापक तथा कर्मचारीहरुले तलब नपाएपछी विहीवार विश्वविद्यायमा तालाबन्दी गरेका छन ।

गत भदौ महिनादेखि तलब लगायतका सुविधा नपाएको भन्दै प्राध्यापक तथा कर्मचारीहरुले उपकुलपती डा.बैधनाथ महतोलाई बाहिर निकालेर तालाबन्दी गरेका हुन ।

राजविराजस्थित सो विश्वविद्यालयमा तालाबन्दीका कारण प्रशासनिकदेखि पठनपाठन तथा अनुसन्धान लगायतका सम्पुर्ण गतिविधी ठप्प भएको छ ।

विश्वविद्यालयका प्राध्यापक तथा कर्मचारीहरुले यसअघि जिल्ला प्रशासन कार्यालय सप्तरी मार्फत तलव भत्ता लगायतका सुविधा माघ ३० गते भित्र उपलब्ध गराउन मधेश सरकारलाई [redacted]का थिए । [redacted] सिमा भित्र पारिश्रमिक उपलब्ध नगराए फागुन १ गतेबाट पठनपाठन ठप्प पार्ने चेतावनी समेत ज्ञापनपत्रमा दिईएको थियो ।

सरकारबाट कुनै ठोस पहल र सहयोग न भएका कारण पुर्व निर्धारित कार्यक्रम अनुसार बाध्य भएर तालाबन्दीमा उत्रिनु परेको विश्वविद्यालयका उपप्रध्यापक रामनन्दन यादवले बताए ।

आवश्यक बजेटको अभावमा लामो समय देखी तलब नपाएको र विश्वविद्यालयको अन्य गतिबिधीमा समस्या पर्दा आफ्नो गोजीबाट समेत पैसा खर्च गरेर काम चलाएको उनले दुखेसो पोखे ।

विश्वविद्यालयमा कार्यरत ८ जना उपप्रध्यापक सहित १८ जना कर्मचारीले ७ महिना देखी तलब पाउन न सकेको अर्का उपप्रध्यापक डा.नितेश कुमार यादवले बताए ।

उपकुलपती, रजिस्टार, प्रशासन, लेखाका साथै कक्षा कोठा भवनहरुमा समेत तालाबन्दी गरिएपछि

***बाँकी अन्तिम पृष्ठमा***

**प्रजातन्त्रको सम्मान गरौं**

- राज्य शक्तिको स्रोत जनता हुन्,
- निर्वाचित प्रतिनिधिले शासन गर्ने प्रक्रिया प्रजातान्त्रिक पद्धति हो,
- आवधिक निर्वाचन प्रजातन्त्रको आधारस्तम्भ हो,
- नागरिक सर्वोच्चता, स्वतन्त्रता र समानता प्रजातन्त्रका आधारशिला हुन्,
- प्रजातन्त्रमा मौलिक हक र मानवअधिकारको संरक्षण हुन्छ,
- कानूनी शासन प्रजातन्त्रको अनिवार्य शर्त हो,
- शासकीय क्रियाकलापमा नागरिक सहभागिता र प्रतिनिधित्व सुनिश्चित गरौं,
- सामाजिक न्याय र सामाजिक सुरक्षा कायम गरौं,
- सभ्य, सुसंस्कृत र समुन्नत राष्ट्र निर्माणमा सबैले हातेमालो गरौं,

**प्रजातन्त्रको सम्मान गरौं, प्रजातान्त्रिक संस्कृतिको सम्वर्द्धन गरौं ।**

सरकार विज्ञापन बोर्ड

## सम्पादकीय ....

### प्रहरीलाई जनताको सहयोग आवश्यक

अहिले सप्तरीमा दिनहुँ लागुऔषध सेवनकर्ता तथा कारोवारीहरु पक्राउ पर्ने क्रम बढ्दै गएको छ । जिल्लामा लागुऔषध प्रयोगकर्ता तथा करोवारी बढ्दै गएपछि प्रहरीले निगरानी समेत बढाएको छ । यसरी जिल्लामा बढ्दै गएको लागुऔषधको प्रयोगलाई नियन्त्रण तथा निरुत्साहित गर्ने प्रहरीको अभियान सह्रानिय रहेको छ । यस्ता नकारात्मक कार्यले हाम्रो समाजमा रहेका बालबालिकाहरुलाई प्रत्यक्ष रुपमा प्रभावित पारिरहेको कुरामा दुईमत नहोला ।

यसरी समाजमा रहेको बिसंगति र बिकृतीलाई निरुत्साहित पार्न प्रहरीको एकल प्रयासले नभएर सम्पूर्ण स्थानियवासीको समेत सहयोग आवश्यक रहेको छ । यस अभियानलाई सफल पार्न स्थानियवासीले प्रहरीलाई सहयोग गर्नु आवश्यक रहेको छ । कुनै पनि बिकृतीले समाजमा नकारात्मक असर पार्ने भएकोले यसलाई जडैबाट समाप्त पार्न सबैले आ-आफ्नो स्थानबाट सहयोग गर्नु जरुरी रहेको छ ।

तसर्थ यस्ता कार्यमा प्रहरीसँग सहकार्य गर्न स्थानियवासीसँगै स्थानिय सरकारको समेत अहम भूमिका हुन्छ । त्यसैले स्थानिय सरकारले पनि यस्ता कार्यलाई निरुत्साहित पार्न विभिन्न दिर्घकालिन योजना तथा जनचेतनामूलक कार्यक्रमलाई अगाडी बढाउनु आवश्यक रहेको छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# २० बुदे माग राखि मलाह समुदायले थालेको रिले अनसनलाई निरन्तरता




**राजविराज**/२० बुदे माग राखि मलाह समुदायका अगुवाहरुले मलाहहरुको हक अधिकारका लागि थालेको रिले अनसनलाई निरन्तरता दिएका छन् ।

मत्स्य मन्त्रालयको स्थापना सहित विभिन्न २० बुँदे माग अघि सार्दै कोशी बाँधमा थालेको अनिश्चितकालिन रिले अनसनलाई निरन्तरता दिएका हुन् ।

मलाह जातीको जातीय संगठन नेपाल मलाह कल्याण संघको अगुवाईमा माघ २५ गतेदेखी कोशी बाँधमा मञ्च निर्माण थालिएको अनिश्चितकालिन रिले अनसन बुधाई मुखियाको नेतृत्वमा इन्द्रजित मुखिया, सुखीलाल मुखिया, महेश मुखिया, उमेश मुखिया, धर्मदेव मुखिया, सुकदेव मुखिया, दिपक मुखिया, रामदेव मुखिया, रामदेव मुखिया, प्रभु मुखिया, हेमु मुखिया र रामचन्द्र मुखिया लगायत बसेका छन ।

सरकारी स्वामित्वमा रहेका मत्स्य फारम, सीमसार र रिजर्भ्यार आदीमा मलाह जातीलाई ५० प्रतिशत आरक्षण, संघीय र प्रदेशमा मत्स्य मन्त्रालयको स्थापना, मलाह जातीका बालबालिकालाई स्नातकोत्तर सम्म निःशुल्क शिक्षा र जग्गाविहीन मलाहलाई जग्गाको व्यवस्था गरिनु पर्ने मागहरु अघि सार्दै अनिश्तिकालिन रिले अनसन शुरु गरिएको अनसनकारी मध्येका अगुवा भोला मुखियाले बताए ।

यस्तै सरकारले लगाउदै आएको पोखरी, नदी, दह, खोलानाला, तालतलैया, तारघाट र नदीमा बागी आएको काठ दाउरा संकलन लगायतका ठेक्का कार्य मलाह जातीलाई मात्र दिनु पर्ने, जलसेनाको स्थापना गरी ५० प्रतिशत मलाह जातीको सेना राखिनु पर्ने लगायतका २० बुंदे माग संघले अघि सारेको उनले जानकारी दिए ।

यस अघि २०६४ साल देखी २० बुंदे माग सहित पटक पटक तत्कालिन सरकारका प्रमुखहरुलाई ज्ञापन पत्र बुझाएपनि आश्वासन बाहेक केही नपाइएको उनीहरुको गुनासो छ । पछिल्लो पटक पुष १८ गते प्रधानमन्त्री, गृहमन्त्री लगायतका सरोकारवाला निकायका प्रमुखहरुलाई ज्ञापन पत्र बुझाएपनि माग सम्बोधनको कुनै पहल नभएकाले बाध्य भई संघर्षको बाटो रोज्नु परेको संघका मुखियाको भनाई छ ।

अनिश्चितकालिन रिले अनसनबाट पनि आफुहरुको माँग उपर सुनवाई नभए दोश्रो चरणमा आन्दोलनका थप शसक्त कार्यक्रमहरु अघि बढाइने नेपाल मलाह कल्याण संघले जनाएको छ ।

# आमसञ्चार प्राधिकरण मधेश प्रदेशका अध्यक्ष यादवको बिदाई

**राजविराज**/आमसञ्चार प्राधिकरण मधेश प्रदेशका अध्यक्ष श्यामसुन्दर यादवको चार बर्षे कार्यकाल सम्पन्नपछि विदाई गरिएको छ ।

कार्यकाल सम्पन्न भएको अवसर पारेर जनकपुरस्थित आमसञ्चार प्राधिकरण कार्यालयमा मंगलबार आयोजित कार्यक्रममा उनलाई विदाई गरिएको हो ।

मधेश प्रदेश सरकारले २०७७ सालमा स्थापना गरेको प्राधिकरणमा यादव पहिलो अध्यक्षका रुपमा नियुक्त भएका थिए ।

विदाई समारोहमा अध्यक्ष यादवले आमसंचार प्राधिकरणको जिम्मेवारी सम्हालेपछि मधेशका मिडिया र संचारकर्मीहरुको हकमा उल्लेख्य काम गरेको बताए ।

उनले प्रदेशको सञ्चार क्षेत्रलाई सशक्त बनाउन हरसम्भव प्रयास गरेको बताउँदै अनेक चुनौतीका बाबजुद सञ्चारमाध्यम र सञ्चारकर्मीको हितमा काम गर्न कुनै कसर बाँकी नराखेको धारणा राखे ।

मधेशका संचारमाध्यमहरुमा लोककल्याणकारी विज्ञापनदेखि पत्रकारहरुको दुर्घट्ना बीमा लगायतका अनेक कार्यक्रम संचालनमा ल्याउनुका साथै मधेशका पत्रकारहरुको क्षमता अभिवृद्धिका क्षेत्रमा पनि काम गरिएको जानकारी दिए ।

कार्यक्रममा मिडिया काउन्सिलका कार्यवाहक अध्यक्ष कैलाश दास, काउन्सिलका सदस्य अर्जुन मण्डल, प्राधिकरणका सदस्य प्रतिमा चौधरी र अमरेन्द्रकुमार यादव, नेपाल पत्रकार महासंघ मधेश प्रदेशका महासचिव शैलेन्द्र महतो, सहसचिव हदिश खुद्दार, महासंघ धनुषाको अध्यक्ष पुरन गुप्ता, सामुदायिक रेडियो प्रसारण संघ मधेशका निवर्तमान अध्यक्ष मनोज कुमार यादव, प्राधिकरणका प्रशासकीय प्रमुख प्रसन्नराज कर्ण, लगायतकाले यादवको कार्यकाल सफल रहेको बताए । उनीहरुले आगामी दिनका लागि शुभकामना दिदै मधेशको मिडिया हाउस र श्रमजिवी पत्रकारहरुको हकमा यादवले खेलेको भूमिका सराहनिय रहेकोले धन्यवाद समेत दिए ।

# सरकारले अध्यादेशबाट देश चलाउन खोजेको आरोप




**राजविराज**/नेकपा एकिकृत समाजवादी पार्टीका बरिष्ठ नेता एवं पुर्व प्रधानमन्त्री झलनाथ खनालले सरकारले अध्यादेशबाट देश चलाउन खोजेको बताएका छन् ।

दुई तिहाईको बलियो सरकारले विधि प्रक्रिया मिचेर अध्यादेशबाट शासन व्यवस्था चलाउनु गलत रहेको उनले बताए ।

समाजवादी प्रेस संगठन नेपाल शाखा सप्तरीले मंगलबार राजविराजमा आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै दुई दलको बलियो अनौठो सरकारले विधि प्रक्रिया अनुसार नियम कानुन बनाउनुपर्नेमा त्यसलाई मिचेर अध्यादेश मार्फत शासन चलाउनु गलत भएको तर्क राखे ।

"दुई ठुला दलको बहुमत भएपनि नियमित रुपमा ऐन कानुन बनाउनुका साटो अध्यादेशको बाटो रोज्नु गलत छ, उनले भने,-अध्यादेश पास नभए यो सरकार फेल हुन्छ ।"

नेता खनालले एमाले र काँग्रेस गठबन्धनको बर्तमान सरकारले अध्यादेश गलत ढंगले ल्याएको हुँदा पास हुने अवस्था नरहेको जिकीर गर्दै यस्ले सरकारलाई नैतिक संकटमा पार्ने समेत बताए ।

अहिलेको संविधान पूर्णरुपमा कार्यान्वयन गर्न नसक्नेहरुले संविधान संशोधनको हल्ला गरेर नौटंकी गरेको आरोप समेत उनले लगाए । संशोधन गर्नै परे कृषि क्रान्ति, भुमिसुधार, गरिबी उन्मुलन, औधोगिकरण, सीमारक्षा र रोजगारी लगायतका मुदा सम्बोधनका लागी गरिनु पर्नेमा खनालले जोड दिए ।

अहिलेको दुई दलिय सरकारले जनताको पक्षमा काम गर्न नसकेको आरोप लगाउँदै उनले केही बामपन्थीहरु कम्युनिस्टको सिधान्तबाट बिमुख भई काँग्रेसको पूच्छर बन्न पुगेकोले बाम गठबन्धनको तत्काल कुनै सम्भावना न रहेको स्पष्ट पारे ।

पत्रकार सम्मेलनमा सो पार्टीका पोलिटब्युरो सदस्य एवं मधेश प्रदेश इन्चार्ज उषा पोखरेल, केन्द्रिय सदस्य अनार कुमारी चौधरी, मधेश प्रदेशका साँसद गोविन्द न्यौपाने, जिल्ला अध्यक्ष प्रताप नारायण चौधरी, पुर्व वडाअध्यक्ष शम्भु प्रसाद लाली लगायतको पनि उपस्थिती रहेको थियो ।

# सामाजिक सञ्जाल नियन्त्रण कति उचित ?

**शंकरनाथ काफ्ले**

हामी लोकतान्त्रिक शासन व्यवस्थामा अघि बढिरहेका छौं । लामो समय एकदलीय निरंकुश शासन व्यवस्थाबाट थिचिएको कारण नागरिकहरु आफ्नो नैसर्गिक स्वतन्त्रताको हकबाट वञ्चित हुनुपरिरहेको थियो ।

निरंकुशता र स्वेच्छाचारी व्यवस्थाबाट मुक्त भएपछि नागरिकले आधारभूत मानवाधिकार र मौलिक हकको उपभोग गर्न पाउँछन् भन्ने विश्वासका साथ नेपालका राजनेताहरुले पटक-पटक आह्वान गरेका प्रत्येक आन्दोलनमा नेपाली जनताले साथ दिएकै हुन् । नेपाली जनताको त्यही बलिदानीपूर्ण संघर्षबाट पहिलोपल्ट २०४७ सालको संविधानमा नागरिकका अधिकारहरुका बारेमा केही व्यवस्थाहरु भए ।

२०४७ सालको त्यही संविधानप्रदत्त अधिकारहरुलाई टेकेर नेपाली जनताले त्यसपछि पनि विभिन्न स्वरुपमा संघर्ष र आन्दोलनहरु गर्दै आए । नेपालको अन्तरिम संविधान २०६३ ले २०४७ को संविधानको तुलनामा थुप्रै नागरिक अधिकारहरुको व्यवस्था गऱ्यो । अन्तरिम संविधानवाट प्रत्याभूत अधिकारको प्रयोग गरी बनेको २०७३ सालको वर्तमान नेपालको संविधानले नागरिकका लागि थुप्रै अधिकारको व्यवस्था गरेको छ ।

भलै संविधानप्रदत्त सम्पूर्ण अधिकारहरु विविध कारणहरुले गर्दा नागरिकले अझै पूर्णरुपमा प्रयोग गर्न पाइरहेका छैनन् । यद्यपि हामीले भुल्नुहुँदैन कि २०४६ सालदेखि २०६३ सालसम्म मुलुकमा जे-जति आर्थिक तथा सामाजिक विकासहरु हुन पुगे त्यसको तुलनामा २०६३ देखि आजको मितिसम्म थप विकास भएको छ ।

नागरिकमा भएको यो विकासको मुख्य स्रोत नागरिकले पाएको हकलाई नै मान्नुपर्दछ । हामी प्राप्त उपलब्धिप्रति पूर्ण सन्तुष्ट नहौँला तर परिवर्तन भएको तथ्यलाई इन्कार गर्न सक्दैनौँ ।

यो परिवर्तीत सन्दर्भमा अधिकारको प्रयोग सामान्यतः दुई कोणबाट भएको देखिन्छ । आम नागरिक सञ्चार र सूचनाको अधिकार पाएर पुलकित भैरहेका छन् । आफूलाई लागेको बोल्न, आफूलाई लागेको अभिव्यक्त गर्न, आफूलाई लागेको असन्तुष्टि पोख्न पाउँदा मात्र पनि उनीहरु खुशी देखिन्छन् ।

आम नागरिकको लागि गाउँ-गाउँमा मोबाइल, इन्टरनेट पुग्नु र त्यसको प्रयोग गर्न पाउनुलाई नै लोकतन्त्रको उपहार ठान्न बाध्य छन् । विदेशमा गएका आफ्ना सन्तानहरुसँग घरकोठामा बसेर, अनुहार हेरेर गफ गर्न पाउँदा राज्यले प्रदान गरेको सबैभन्दा ठूलो अधिकार प्रयोग गरिरहेको अनुभूति गरिरहेका छन् । केही सीमित नागरिकले मात्र संविधानप्रदत्त आर्थिक एवं राजनीतिक अधिकारको सदुपयोग गर्न सकिरहेका छन् ।

उनीहरु यही अधिकारको प्रयोग गरेर आर्थिक र राजनीतिकरुपमा शक्तिशाली पनि भैरहेका छन् । तिनीहरु ४६ सालपछि पनि कुनै उद्योग व्यवसाय वा रोजगारमा नरहे पनि सामान्य आर्थिक हैसियतबाट अकूत सम्पत्तिका मालिक हुन सफल भैरहेका छन् । लोकतन्त्रमा जनताले जनताको लागि शासन गर्नेछ भनिन्छ तर ती एक खाले व्यक्तिहरु आफूलाई जनता होइन स्थायी शासक नै हौँ भन्न बानी परिसकेका देखिन्छन् । तसर्थ उनीहरु संविधानले नागरिकलाई प्रदान गरेको अधिकार खोसेर कमजोर बनाउन वा उनीहरुले प्राप्त गरिरहेका सीमित खुशीलाई खुम्च्याउन चाहिरहेको भैँ देखिन्छन् ।

नेपालको संविधानको धारा १७ मा नागरिकलाई स्वतन्त्रताको हक प्रदान गरिएको छ । यसको उपधारा २(क) मा नागरिकलाई विचार र अभिव्यक्तिको स्वतन्त्रता प्रदान गरिएको छ भन्ने व्यवस्था गरिएको छ । त्यस्तै संविधानको धारा १९ मा सञ्चारको हकको व्यवस्था गरिएको छ भने धारा २७ मा सूचनाको हकसम्बन्धी व्यवस्था गरिएको छ । सामाजिक सञ्जालको विकासको कारण नागरिकले जानेर वा नजानेर सबैभन्दा बढी प्रयोग गरिरहेको अधिकार यिनै देखिएका छन् । विचार र अभिव्यक्ति व्यक्तिको ब्रह्मले ठहऱ्याउने कुरा हो । उसले घटनालाई जुनरुपमा देख्यो त्यही रुपमा बुझ्ने गर्दछ । जुनरुपमा बुझ्छ त्यही रुपमा अभिव्यक्ति गर्दछ । उसको अभिव्यक्तिले नेताको गुनगान पनि गाउन सक्ला, उसको अभिव्यक्तिले नेताको आलोचना पनि गर्न सक्ला । आलोचना सहन नसक्ने कुनै पनि व्यक्ति लोकतान्त्रिक नेता हुन सक्दैन । त्यस्तै घटना र तथ्यहरुको बारेमा सूचना बन्ने गर्दछ, जुन सञ्चारको माध्यमबाट प्रवाह हुने गर्दछ ।

सूचना सत्य र तथ्यमा आउनुपर्दछ तर त्यसमा विश्लेषण जोडिन सक्छ । विश्लेषणविनाको सूचना निरंकुशतालाई मात्र सुहाउने गर्दछ । विश्लेषण लोकतन्त्रको पर्याय हो । विश्लेषण गर्नासाथ त्यसलाई बुझ्ने सकारात्मक र नकारात्मक दुई धार हुने गर्दछ । मानिसले आफ्नो स्वभावअनुसार त्यसलाई बुझ्ने र त्यसको बारेमा अभिव्यक्ति दिने भएपछि पक्कै पनि घटनाको आलोचना भएको झैँ देखिन्छ । आलोचना भएकै आधारमा संविधानप्रदत्त हक खोस्ने मनसाय राखियो भने लोकतन्त्रको औचित्य समाप्त हुन पुग्छ ।

पक्कै सामाजिक सञ्जालको प्रयोगमा जटिलताहरु आइरहेका छन् । चोर-फटाहादेखि सन्त-महन्तसम्म, निरक्षरदेखि विज्ञसम्म, अपराधीदेखि सज्जनसम्म, साना बालबालिकादेखि वृद्धवृद्धासम्म हरेक वर्ग, क्षेत्र र तप्काका मानिसले एउटै सामाजिक सञ्जालको प्रयोग गरिरहेका छन् । जसको जति क्षमता छ त्यही मात्रामा यसको प्रयोग हुने गर्दछ ।

जसको जे मानसिकता छ उसले त्यही रुपमा यसको प्रयोग गर्ने गरेको पाइन्छ । धेरैले सामाजिक सञ्जालको सही सदुपयोग गरिरहेको देखिन्छ भने केहीले यसको दुरुपयोग पनि गरिरहेको देखिन्छ । केही व्यक्तिका कारण सामाजिक सञ्जाल दूषित पनि भैरहेको छ । यो समाज हो, यो राष्ट्र हो, अझ सामाजिक सञ्जालको माध्यमबाट त यो विश्व नै एक ठाउँमा आएको छ । यस्तो अवस्थामा सामाजिक सञ्जालको प्रयोगलाई सकेसम्म जिम्मेवार बनाउनुपर्दछ भन्ने राज्यको चाहना हुनु स्वाभाविक पनि हो, उसको जिम्मेवारी पनि हो । सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित, मर्यादित र सुरक्षित बनाउन स्पष्ट कानुन निर्माण गर्नुपर्ने आवश्यकता प्रायः संसारका सबै देशले महसुस गरेको पाइन्छ ।

नेपालले पनि यो चाहना राख्नु अन्यथा हुँदैन । सामाजिक सञ्जालको सही र व्यवस्थित प्रयोग गरी सामाजिक सद्भाव, सांस्कृतिक सहिष्णुता र सुशासन प्रवर्द्धन गर्न सामाजिक सञ्जालका प्लेटफर्म सञ्चालक र प्रयोगकर्तालाई जिम्मेवार तथा जवाफदेही बनाई सामाजिक सञ्जालको सञ्चालन र प्रयोगलाई मर्यादित, सुरक्षित र व्यवस्थित गर्ने तथा नियमन गर्ने सम्बन्धमा कानुन निर्माण गर्न आवश्यक ठान्दै सामाजिक सञ्जालको सञ्चालन प्रयोग तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधयेक १३ माघ २०८१ मा सञ्चारमन्त्रीको तर्फबाट राष्ट्रिय सभामा पेस गरिएको अवस्था छ ।

यो विधेयकको देखिने मनसाय सामाजिक सञ्जालका प्लेटफर्म सञ्चालक र प्रयोगकर्तालाई जिम्मेवार तथा जवाफदेही बनाई सामाजिक सञ्जालको सञ्चालन र प्रयोगलाई मर्यादित, सुरक्षित र व्यवस्थित गर्ने तथा नियमन गर्ने नै हो । कहिलेकाहीँ एउटा मनसायले गरेको कार्यको परिणाम अर्को पनि आउने गर्दछ । बालक धेरै रोयो भनेर उसको मुखलाई हातको बलले छोपी रुनलाई रोकियो भने उसको सास रोकिएर मृत्यु पनि हुन सक्छ । बिरुवा झाँगिएकोले ठाउँ अलि ओसिलो भयो भनेर डाँठ काटियो भने पूरै बिरुवा मर्न पनि सक्छ ।

त्यस्तै समाजमा अलिकति विच्छृङ्खलता देखियो भनी सूचनाको हकमा टेकेर विचार र अभिव्यक्तिको स्वतन्त्रतामा रेती लगाउने प्रयास गरियो भने सिंगो लोकतन्त्र नै गुम्ने खतरा पनि हुन्छ । प्रस्तुत विधयेक जनतालाई नैतिकवान् बनाउनभन्दा विरोधीहरुको हातमा हतकडी र मुखमा टेप लगाएर कसरी गालीगलौजको संस्कृतिबाट जोगिने भन्ने उद्देश्यबाट आएको जस्तो पनि देखिन्छ । प्रस्तुत विधेयकमा सत्ता पक्षबाट पनि विरोध भएको सुनिन्छ ।

विरोध गरेको जस्तो गरेर आफू विधेयकको पक्षमा नभएको, जनताको अधिकारप्रति जिम्मेवार भएको भन्ने जस्तो देखाउन खोजे पनि हाम्रो संसदीय अभ्यासमा त्यो विरोधको खासै अर्थ रहँदैन । जब नेतृत्वले उक्त विधेयकलाई पारित गरेर नै छाड्ने मानसिकता बनाउँछ उसले ह्वीप जारी गरेर भए पनि विरोध गर्नेलाई लाचार बनाउँछ । वर्तमान गठबन्धन प्रतिनिधिसभामा करिब दुई तिहाइको नजिक भए पनि राष्ट्रिय सभामा बहुमत स्थापित गर्नलाई हम्मेहम्मेको अवस्थामा छ । सरकारले जारी गरेको अध्यादेशमा आएको जटिलताले यो कुराको पुष्टि गरिसकेको छ । सरकारले कानुन निर्माणलाई सहजता प्रदान गर्न थप रणनीति निर्धारण गर्नु आवश्यक देखिएको छ ।

सरकारले राष्ट्रिय सभामा पेस गरेको सामाजिक सञ्जालको सञ्चालन र प्रयोग तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा गरिएको परिभाषाअनुसार सामाजिक सञ्जाल भन्नाले कम्प्युटर, कम्प्युटर नेटवर्क, इन्टरनेटलगायतका विद्युतीय प्रविधि र उपकरणको माध्यमबाट उपलब्ध गराएको सुविधा तथा प्रक्रियाबमोजिम कुनै व्यक्ति, समूह वा संस्थाबीच एक-अर्कासँग अन्तरक्रियात्मक सञ्चार गर्ने वा विषयवस्तु (कन्टेन्ट) प्रसार गर्न सक्ने प्रणाली सम्झनुपर्छ भनिएको छ ।

त्यस्तै सामाजिक सञ्जालको दुरुपयोग भन्नाले यस ऐन वा प्रचलित कानुन विपरीतका विषयवस्तु सामाजिक सञ्जालमा पोस्ट, सेयर, कमेन्ट, लाइभ स्ट्रिमिङ, रिपोस्ट, ट्याग, ह्यासट्याग, मेन्सन गर्ने वा यस्तै प्रकृतिको अन्य कार्य सम्झनुपर्छ भनी व्यवस्था गरेको छ । यसै गरी विधेयकले सामाजिक सञ्जालको प्रयोगकर्ताले पालन गर्नुपर्ने सर्तहरुमा नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय सुरक्षा, राष्ट्रिय एकता, स्वाधीनता, स्वाभिमान वा राष्ट्रिय हितमा खलल पुग्ने वा सामाजिक, सांस्कृतिक तथा धार्मिक सद्भाव भड्काउने विषयवस्तु प्लेटफर्ममा प्रसार नगर्ने भनी स्पष्ट व्यवस्था गरिएको छ ।

त्यस्तै प्रचलित कानुन विपरीतका विषयवस्तुको पोस्ट वा सेयर गर्न नमिल्ने गरी प्लेटफर्ममा आवश्यक प्रविधि विकास गर्ने वा आवश्यक अन्य उपाय अवलम्बन गर्ने र कुनै व्यक्तिको चरित्रमा गम्भीर आघात पुग्ने किसिमको सामग्री वा घृणास्पद अभिव्यक्ति वा हिंसा भड्काउने वा साम्प्रदायिक सद्भाव बिगार्ने प्रकृतिको सामग्री अपलोड हुन वा प्रचारप्रसार हुन नदिने भनी व्यवस्था गरेको छ ।

विधेयकले कसैको मान-प्रतिष्ठामा आँच पुग्ने र होच्याउने नियतले अपमानजनक शब्द, श्रव्यदृश्य, तस्वीरको ट्रोल बनाउने, गाली बेइज्जती वा हेट स्पीच मानिने कार्य नगर्ने, मिथ्या तथा भ्रामक सूचनाको दुष्प्रचार, सूचना तोडमरोड गरी प्रचार नगर्ने, गलत मनसायले सामाजिक सञ्जालमा पोस्ट, सेयर, लाइक, रिपोस्ट, लाइभ स्ट्रिमिङ, सब्सक्राइब, कमेन्ट, ट्याग, ह्यासट्याग वा मेन्सन गर्न हुँदैन भनी स्पष्ट व्यवस्था गरेको छ । यस्तो कार्य गर्ने सामाजिक सञ्जाल प्रयोगकर्तालाई ५ लाख रुपियाँसम्म जरिवाना गर्न सक्नेछ भनी व्यवस्था गरिएको छ ।

विधेयकले बीभत्स तस्वीर वा अडियो वा भिडियो पोस्ट वा सेयर गर्न नहुने, गरेमा तीन महिनासम्म कैद वा ५० हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ तथा डिपफेक भिडियो अपलोड वा प्रचार गर्न नहुने र गरेमा दुई वर्षसम्म कैद सजाय वा ३ लाख रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ भन्ने पनि व्यवस्था गरेको छ । विधेयकमा धेरै व्यवस्थाहरु उचितजस्तो देखिए पनि यसको प्रयोग र व्याख्यामा जटिलता आउन सक्छ ।

एउटा सानो उदाहरण, कुनै व्यक्तिले बीभत्स स्वरुपको कालभैरव वा महाँकालको मूर्तिको फोटो सामाजिक सञ्जालमा पोस्ट गर्दा सरकारले त्यसलाई बीभत्स पनि देख्न सक्छ । कुनै व्यक्तिले उक्त पोस्टलाई सेयर गऱ्यो भने सरकारले उसलाई अपराधी पनि देख्न सक्छ भने कुनै साथीले पोस्ट गरेको उक्त तस्वीरलाई कुनै व्यक्तिले मन पराएर लाइक गऱ्यो भने सरकारले त्यसलाई दण्डित पनि गर्न सक्छ ।

सरकारलाई कुनै कुरामा चित्त बुझेन वा सरकारको विरोध गर्ने कुनै व्यक्तिले सामाजिक सञ्जालको प्रयोग गरेर 'रामनाम' नै जपोस्, सरकारले चाहेमा त्यसलाई पनि कुनै न कुनै घटनासँग जोडेर कारबाही गर्न सक्छ । पञ्चायत कालमा मात्र बोलेकै कारण शान्ति सुरक्षाको नाममा यी मध्ये कैयौं नेतालाई चिसो छिँडीमा जाकेको घटना बिर्सिएको जस्तो छ । तसर्थ यो विधेयक परिपक्व छैन । यसले भोलिको दिनमा आज सरकारमा बस्नेहरुलाई पनि कारबाहीको दायरामा नल्याउला भन्न सकिन्न ।

हाम्रो राजनीतिक संस्कार प्रतिसोध, पूर्वाग्रह तथा नैतिकताहीन अभ्यासबाट विकसित भैरहेको छ । नेताले आज बोलेका कुरा भोलि आफैं काटिरहेका हुन्छन्, आज प्रतिबद्धता जाहेर गरेका कुरा भोलि आफैंले खण्डन गरिरहेका हुन्छन् । तसर्थ लोकतन्त्रको मूल्य र आदर्शमाथि प्रहार गर्ने कार्य कतैबाट नहोस् । लोकतन्त्र रहे मात्र राजनीतिक प्रतिस्पर्धाले सधैं स्थान पाउँछ, अन्यथा जुनसुकै मोडमा नयाँ तानाशाह नजन्मिएला भन्न सकिन्न । (लेखक काफ्ले अधिवक्ता हुनुहुन्छ ।) न्युजअफ नेपालबाट


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी**

# कतारले देखाएको विकासको बाटो

**सुरेश भट्ट आश्रिन**

विश्वको एउटा शक्तिशाली देश कतारका बारेमा धेरै मानिस अनभिज्ञ छन्। कतार अर्थात् खाडी मुलुक भनेपछि अझैसम्म धेरै मानिसको अनुहार उज्यालो हुँदैन। यसका कारणहरू पछि लेखौँला।

कतारमा अहिले झन्डै चार लाखभन्दा बढी नेपाली दाजुभाइ तथा दिदीबहिनीले श्रम गरेर नेपाललाई रेमिटेन्स पठाइरहेका छन्। बालुवै-बालुवाको थुप्रोमा उन्नतिका आँकुरा उमारेर विश्वलाई नै चकित पार्ने गगनचुम्बी महल खडा गर्न नेपाली पाखुराको पनि पसिना परेको छ।

देश हाँक्ने शासकले देश हाम्रै पालामा बनाउनैपर्छ भन्ने अठोट लियो, उसले गतिशील समय अनुसारको दिमाग चलायो र पाखुरा बजार्नेहरूले श्रम-पसिना बगाए भने के पो हुँदो रहेनछ भन्ने उदाहरण हो कतार।

आजको कतार हिजोको जस्तो अविकसित कतार रहेन। आजको कतार देखेकाहरूले हिजोको कतार नदेख्न पनि सक्छन् तर आजको कतार हामीले दिमागमा सोचेको साँच्चिकैको अरब मुलुकजस्तो कतार छैन। आजको कतारले बालुवामाथि खडा गरेको वैभव लोभलाग्दो छ।

सन् १९७१ मा बेलायतबाट स्वतन्त्र हुँदासम्म कतारमा खासै विकास भएको पाइँदैन। समुद्रको छेउमा सामान्य मुगा माला र खजुरको गुजारामुखी व्यापार-व्यवसाय गरेर बसेका कतारीको अन्य आयस्रोत केही थिएन। एउटै लामा-लामा सेता कपडाले शरीर ढाक्ने पुरुषहरूले लगाउने (तोप) र त्यस्तै महिलाले लगाउने एउटै कालो लामो कपडाको बुर्का पहिरन पनि कतार स्वतन्त्रता पछिको पहिचान मानिन्छ।

कतारले लिएको नवउदारवादी, राजतन्त्रात्मक, एकल सुन्नी जातीय र मुस्लिमवादी नीतिले गर्दा विश्वको औद्योगीकरणसँगै आफ्नो खनिज खोज र व्यापारमा वृद्धि गरे। आज कतार विश्वको एक महत्त्वपूर्ण अर्थतन्त्रका रूपमा विकसित भइरहेको छ।

राजनीतिक स्थिरता र स्रोत-साधनको व्यापक परिचालन कति महत्त्वपूर्ण छ भन्ने कतारले विश्वलाई देखाइरहेको छ। जसका कारण कतार आजको विश्वमा सबभन्दा बढी प्रतिव्यक्ति आय भएको मुलुक हो।

राजतन्त्रात्मक देशमा राजाका छोराछोरी मात्रै पढ्न पाउँछन् भन्ने कथित भनाइ यहाँ ठ्याक्कै उल्टो छ। आजका कतारी नागरिकहरू विश्वका प्रतिष्ठित विश्वविद्यालयमा अध्ययनरत छन्, आजका कतारी युवायुवतीहरू सत् प्रतिशत शिक्षित छन् भन्दा फरक पर्दैन। कतारले पूर्वाधार निर्माणमा मात्रै होइन शिक्षाको क्षेत्रमा पनि निकै फड्को मारिसकेको छ। आफ्नै लगानीमा 'कतार युनिभर्सिटी' सञ्चालनमा ल्याएको छ। विश्वका दीक्षित प्रोफेसरहरूले अध्यापन गराउँछन् भने विश्वका धनी-गरिब सबै राष्ट्रका विद्यार्थी यहाँ पढ्न आउँछन्, कतिपय नेपाली यतै श्रम गरेर यतै पूर्ण छात्रवृत्तिमा पढेका पनि छन्।

महिला र पुरुषलाई समान अवसर प्रदान गर्ने कतार सरकारको नीतिअनुरूप यहाँका सरकारी अफिसमा चारमध्ये दुई महिला कर्मचारी हुनेछन्, यसको अर्थ समान समावेशी सहभागितालाई अंगीकार गरेको भन्ने बुझिन्छ। जसले महिला पुरुष समान हुन बराबरको अंशियार हुन भन्ने सन्देश दिइरहेको छ।

कतार तेल र प्राकृतिक ग्यासका लागि यो मुलुक विश्वकै समृद्ध भण्डार पनि हो। आईएमएफले निकालेको तथ्यांक अनुसार कतारको सन् २०२४ को कुल गार्हस्थ्य उत्पादन (जीडीपी) ३९६ बिलियन अमेरिकी डलर छ।

कतारको आजको यो अर्थतन्त्रले विश्वको धनी देशको सूचीमा कतारलाई सूचीकरण गरेको छ, जहाँ हरेक नेपालीले श्रमिकले अथवा आप्रवासी कामदारले आफ्नो क्षमता योग्यता अनुसारको रोजगार प्राप्त गरेका छन्।

थोरै जनसंख्या र सानो भूगोल भएर पनि यो देश पश्चिम एसियाली देशहरूमा शक्तिशाली छ। यहाँको शैन्यशक्ति, युग सापेक्ष प्रविधि, चुस्त-दुरुस्त कार्यसम्पादन र आफ्नो धर्मप्रति पूर्ण विश्वासका कारण पनि कतारले आफ्नो शक्ति साम्राज्य फैलाउँदै गरेको पाइन्छ।

सन् २००५ मा कतार सरकारले इन्भेस्टमेन्ट अथोरिटी संस्था खडा गरी विश्वका ८० देशमा लगानी गरिसकेको छ। अमेरिका, बेलायतजस्ता ठुला देशमा अर्बौं डलर खर्चेर एग्रिकल्चर, हाउजिङ, निर्माण कम्पनीहरू खोलिसकेको छ। आफ्नै देशमा सम्पन्नशाली हमाद अन्तर्राष्ट्रिय विमानस्थल र कतार एयरवेजको भरपर्दो नियमित उडानले गर्दा यहाँको एअरपोर्ट विश्वको ट्रान्जिट-हब बनाइरहेको छ। इतिहासमा आफैँलाई शासन गरेको शक्तिराष्ट्र बेलायतसँग मिलेर संयुक्त लगानीमा बेलायतमा हिथ्रो विमानस्थलको लगानी कर्ता बनेको छ।

नेपालले पनि माग्ने बानी छाडेर पूर्वाधार विकास, औद्योगिक, पर्यावरण र पर्यटनको क्षेत्रमा कतार सरकारसँग संयुक्त लगानीको वातावरण बनाउन सक्नुपर्छ। यस्ता अवसर बारम्बार आइरहँदैनन्। अहिले नेपालमा लगानीकर्ताका लागि र नेपालमा लगानी भित्र्याउने सुवर्ण अवसर हो। किनभने आजको दिनमा नेपालले कतारलाई श्रम बेचिरहेको छ। जुन समयसम्म श्रमको माग रहिरहन्छ, त्यो अवस्थासम्म राज्यले लगानी र बिनासम्झौतामा अनुदानको लाभ लिइराख्नु देशका लागि श्रेयष्कर हुन्छ। अध्यादेश मर्मत आवश्यक कानुनी तथा नीतिगत सहजता, लगानी सुरक्षाका बाटाहरू खोल्नेपर्ने यस्तो कामका लागि हो।

कुनै पनि देशको अर्थतन्त्र होस् या राजनीति यसको पृष्ठभूमिमा समाज हुन्छ, अर्थात् सबल अर्थतन्त्र तथा परिष्कृत राजनीति दुवैका लागि त्यही प्रकारको समाज चाहिन्छ।

कतारका लागि अर्थतन्त्रको बलियो माध्यम यहाँको तेल र ग्यास भए पनि मुख्य रूपमा नेतृत्वले लिने सही नीति नै हो। यहाँको कतारी नागरिकले आफ्नो देश प्रति अगाध प्रेम गर्छन्, यहाँका कुनै पनि सरकारी सम्पत्तिको दोहन या नराम्रो गर्दैनन्, सरकारी सम्पत्ति समाज अर्थात् हाम्रो हो भनेर स्याहार-सम्भार गर्ने गर्छन्, जसले राज्यको भूमिकालाई झनै बलियो बनाउँदै लैजान्छ।

राजनीतिक र आर्थिक रूपमा नेपाल र हामी नेपाली आज हामी जहाँ छौँ, त्यसको श्रेय अवश्य पनि हामीले लिनुपर्छ। राज्यले अपनाएको श्रमिक बेचेर रेमिटेन्सले देश धान्ने शोषणमुखी अर्थतन्त्रमा आधारित सामन्ती प्रकारको राजनीतिबाट निस्केर आफ्नै प्राकृतिक स्रोत र श्रमको बुतामा कतारजस्तै नेपालले पनि विश्वसामु वैभव खडा गर्नुपर्छ। रातोपाटीबाट

# टाउको जोडेर बाम एकता गर्ने पक्षमा पार्टी छैन् : महासचिव पोखरेल

**राजविराज**/नेपाल कम्युनिष्ट पार्टी एमालेका महासचिव शंकर पोखरेलले एमाले अब कुनै दलका नेतासंग टाउको जोडेर बाम एकता गर्ने पक्षमा पार्टी नरहेको बताएका छन्।

सप्तरीको शम्भुनाथ नगरपालिकामा सोमबार आयोजना गरिएको बृहत पार्टी प्रवेश तथा जनसभा कार्यक्रममा बोल्दै प्रमुख अतिथि पोखरेलले पार्टीले विगतमा बामपन्थी एकताको नाममा माओवादी पार्टी संग एकता गरेर गल्ति गरेकोले अव त्यस्तो नहुने बताए।

जनता र कार्यकर्ताको भावनासंग जोडिदै जनतामा गएर जनचेतना अभिवृद्धि गर्ने र पार्टीलाई नयाँ ढंगले विस्तार गर्दै सुदृढ बनाउने अभियानमा एमाले लागेको नेता पोखरेलले बताए।

नेकपा एमाले पछाडि परेका श्रमिक, किसान, युवा, विद्यार्थी लगायतका वर्गको पक्षमा रहने पार्टी भएकाले मधेस र सप्तरीको समग्र विकासमा पनि एमालेको विकल्प नरहेको उनको कथन थियो।

नेकपा एमाले जिल्ला सप्तरी कमिटी अध्यक्ष ताराकान्त चौधरीको अध्यक्षतामा आयोजना गरिएको कार्यक्रममा पोलिटब्युरो सदस्य तथा सप्तरी इन्चार्ज सुमनराज प्याकुरेल, केन्द्रीय सदस्य तथा मधेश प्रदेश सरकारका गृह,सञ्चार तथा कानुन मन्त्री राजकुमार लेखी,नेकपा एमाले केन्द्रीय सल्लाहकार परिषद सदस्य सत्यनारायण मण्डल, केन्द्रिय सदस्य सरिता गिरि, दिवाकर देवकोटा लगायतका नेताहरुले आ( आफ्ना विचार व्यक्त गरे।

यसैबीच सोही कार्यक्रममा विभिन्न पार्टी परित्याग गरि सैयौं नेता तथा कार्यकर्ता एमालेमा प्रवेश गरेका छन्।

जसपा नेपालका केन्द्रीय सदस्य तथा राजनीति समिति सदस्य एवं मधेस प्रदेशका सह इन्चार्ज बिनोद कुमार चौधरीको नेतृत्वमा शम्भुनाथ नगर समिति अध्यक्ष सरोज चौधरी , वडा नम्बर १ देखि १२ सम्मको पुरै नगर र वडा समितिको पदाधिकारी सहित सयौं जना जसपा नेपाल परित्याग गरि नेकपा एमालेमा प्रवेश गरेका छन्।

यस्तै कन्चनरुप ११ का वडा अध्यक्षका प्रत्यासि उम्मेदवार दिपक चौधरीको नेतृत्वमा ५० जना नेपाली काङ्ग्रेस परित्याग गरि एमालेमा प्रवेश गरे भने माओवादी केन्द्रका केन्द्रिय निर्वाचन आयोग, मधेस प्रदेश निर्वाचन समितिका अविनास प्रसाद सिंहको नेतृत्व ६५ जना माओवादी केन्द्र परित्याग गरि एमालेमा प्रवेश गरेका छन्।

त्यस्तै लोसपा परित्याग गरि खेदनारायण रामको नेतृत्वमा १५ जना, जनमत पार्टी परित्याग गरि मो ताहिरको नेतृत्वमा २५ जना परित्याग गरि नेकपा एमालेको सुखी नेपाली समृद्ध नेपालको अभियान मा जोडिएको आयोजकले जनाएको छ।

विभिन्न दल परित्याग गरेर एमाले प्रवेश गरेका नेता तथा कार्यकर्ता लाइ कार्यक्रमका प्रमुख अतिथि तथा एमाले महासचिव शंकर पोखरेल, पोलिटब्युरो सदस्य सुमनराज प्याकुरेल तथा केन्द्रिय राजकुमार लेखिले टिका खादा लगाएर स्वागत गरेका थिए।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**सप्तकोशी नगरपालिका, सप्तरी**


# नागरिकलाई सावधानी अपनाउन प्रशासनको आग्रह

**राजविराज**/जिल्ला प्रशासन कार्यालय सप्तरीले म्यान्मार, थाइल्याण्ड कम्बोडिया, लाओस लगायतका देशमा जाने नागरिकका लागि सावधानी अपनाउन आग्रह गरेको छ।

अनलाइन जुवा, कल सेन्टर फ्रड, क्रिप्टो-करेन्सी ठगीमा संलग्न शंकास्पद आईटी फर्महरुले बैंककमा रोजगारीका अवसरहरुको प्रलोभन देखाई युवाहरूलाई ठगी गरिरहेकोले सचेत हुन आग्रह गरेको हो।

जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत मोना झाले बिहिबार एक सूचना जारी गर्दै पीडितहरुलाई गैरकानुनी रुपमा बैंकक हुँदै कम्बोडिया, लाओस र म्यानमार ल्याई बन्दी बनाएर काम गर्न लगाइएको पाइएको एवं थाइल्याण्ड र म्यानमारमा रोजगारीका विज्ञापनहरु प्रायः सामाजिक सञ्जाल प्लेटफर्महरु मार्फत विभिन्न स्थानका एजेन्टहरुद्वारा प्रस्तावित हुने भएकोले त्यस्ता सामाजिक सञ्जाल प्लेटफर्म वा अन्य श्रोताहरूमा प्रचार गरिएका नक्कली जागिरको प्रलोभनमा नपर्न आग्रह गरेको छ।

वैदेशिक रोजगारमा जाने प्रयोजनका लागि भिजिट भिसामा यात्रा नगर्न हुन र रोजगारीको प्रस्ताव स्वीकार गर्नु अघि विदेशस्थित सम्बन्धित नेपाली नियोगमार्फत बिदेशी फर्म/कम्पनी/रोजगारदाताहरूको बारेमा पर्याप्त जानकारी लिन तथा व्यक्तिगत रुपमा ती फर्म/कम्पनी/रोजगारदाताहरूको वेवसाइट चेकजाँच गर्न प्रशासनले जारी गरेको सूचनामा उल्लेख छ।

# 'बिग इन्डस पदमनगर' औद्योगिक ग्राम स्थापना हुँदै

**राजविराज**/सप्तरीको सुरुङ्गा नगरपालिका ३ स्थित लक्ष्मीनगरमा 'बिग इन्डस पदमनगर' औद्योगिक ग्राम स्थापना गरिने भएको छ।

व्यवसायी वीरेन्द्र न्यौपानेका अगुवाइमा दुई वर्षभित्र चार अर्ब लागतमा १४ बिघा क्षेत्रफलमा छ वटा उद्योगको निर्माण हुने भएको हो।

नेपाल कम्युनिष्ट पार्टी ( एकीकृत समाजवादी) का बरिष्ठ नेता तथा पूर्वप्रधानमन्त्री झलनाथ खनालले एक कार्यक्रमकाबीच 'बिग इन्डस पदमनगर' उद्योगको शिलान्यास गरे।

शिलान्यासपछि बोल्दै नेता खनालले सप्तरीमा यसरी उद्योगको स्थापना हुनुले जिल्ला मात्रै नभई देशकै औद्योगिक क्षेत्रमा योगदान पुर्याउने विश्वास व्यक्त गरे।

उनले देशभित्र यस्ता उद्योगहरुको स्थापनाले बेरोजगारीको समस्या समाधान सहित युवाहरूको बढ्दो विदेश पलायनलाई रोक्न सकिने बताए।

विभिन्न निर्माण कम्पनी सञ्चालक तथा हाइड्रोपावर व्यवसायीसमेत रहेका 'बिग इन्डस पदमनगर'का सञ्चालक स्थानीयवासी न्यौपानेले आफ्ना हजुरबुबा पदमबहादुरले सामाजिक क्षेत्रमा पुर्याएको योगदानलाई चिरस्थायी बनाउन आफ्नै जन्मभूमिको माटो सुहाउँदो रहेकोले उद्योग स्थापना गर्न लागेको जानकारी दिए।

उनका अनुसार आँप, फर्सी, कटहर, तरबुजालगायत फलफूलको जुस प्याकेट बनाउन 'पल्प' उद्योग निर्माण गरिने छ। आँपको समयमा किसानले उत्पादन गरेका आँप दिनको १० ट्रकका दरले खरिद गरिने छ। यसबाट यहाँका किसानले आँपको बजार र मूल्य नपाउने समस्या समाधान हुने उनले बताए। त्यसैगरी, दुई हजार मेट्रिक टनको 'कोल्ड स्टोरेज' स्थापना गरी किसानले उत्पादन गरेका कृषिजन्य वस्तुको बिक्रीका लागि हुने समस्या हटेर जाने सञ्चालक न्यौपानेको कथन थियो।

न्यौपानेका अनुसार भारतीय पेट्रोलियमसँगको सहकार्यमा 'लुब्रिकेन्ट्स' उत्पादन गर्ने उद्योगको पनि स्थापना गरिने छ। त्यसैगरी, अन्य उद्योगमा सिसा र बोटल उद्योग, 'बिटुमिन'का पेन्टस् उद्योग र सौर्य प्लान्टबाट तीन मेगावाट विद्युत् उत्पादन गरी राष्ट्रिय ग्रिडमा जोड्नेगरी उद्योगको संरचना निर्माण र सञ्चालन गर्न करिब दुई वर्षको समय लाग्ने उनले जानकारी दिए। "त्यसले पाँच सय जनालाई प्रत्यक्ष र पाँच हजार परिवारलाई अप्रत्यक्ष रोजागारीको अवसर सृजना हुन्छ", सञ्चालक न्यौपानेले भने।

सोही क्रममा सुरुङ्गा नगरपालिकाका प्रमुख गीता चौधरीले उद्योग स्थापनापछि यस क्षेत्रका जनता प्रत्यक्ष रूपमा लाभान्वित हुने भन्दै खुसी व्यक्त गरे।

# आफ्नै पत्नीको हत्या गर्नेदेखि विभिन्न मुद्दामा फरार आधा दर्जन भन्दा बढी प्रतिवादी पक्राउ



**राजविराज**/जिल्ला प्रहरी कार्यालय सप्तरीले आफ्नै पत्नीको हत्या गर्नेदेखि विभिन्न मुद्दामा फरार आधा दर्जन भन्दा बढी प्रतिवादीलाई पक्राउ गरेको छ।

प्रहरीले दुईदिनको समयावधिमा जिल्ला प्रहरी कार्यालय तथा मातहतका कार्यालयहरुबाट खटिएको प्रहरी टोलीले उनीहरुलाई पक्राउ गरेको हो।

यसैगरि अदालतबाट विभिन्न मृदामा फैसला भई कैद तथा जरिवाना भूक्तान बाँकी रहेका ५ र अनुसन्धनका क्रममा फरार भएका २ जना गरी ७ जना प्रतिवादीलाई पक्राउ गरिएको छ।

जिल्ला प्रहरीले शुक्रवार सार्वजनिक गरेको विवरण अनुसार पक्राउ पर्नेमा लुटपीट र कुटपीट तथा सार्वजनिक अपराधका २/२ जना छन।

लुटपीट र कुटपीट मुदाका फरार प्रतिवादी रहेका शम्भुनाथ नगरपालिका ३ का अवधलाल चौधरी र ध्रूव नारायण चौधरी र केही सार्वजनिक अपराध मुद्दाका फरार प्रतिवादी राजविराज नगरपालिका ६ का मो.छोटु भन्ने इम्तियाज मिया र अन्वारुल मियाँ रहेको प्रहरीले जनाएको छ।

यस्तै बैङ्किग कसुर मुदाका फरार प्रतिवादी राजविराज नगरपालिका १३ का रमेश प्रसाद साह पनि पक्राउ परेका छन। यसै गरी अनुसन्धान कै क्रममा फरार भएका सवारी अंगभंग मुदाका सिरहाको लक्ष्मीपुर पतारी ग ाउँपालिका ४ निवासी विश्वनाथ अमात र श्रीमती हत्याका आरोपीत शम्भुनाथ नगरपालिका २ का संतोष साह पनि पक्राउ परेको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता नायब उपरिक्षक जीतेन्द्र कुमार वस्नेतका अनुसार २०७६ साल चैत्र ६ गते रातीको समयमा संतोषले श्रीमती गायत्रीलाई निर्घात कुटपीट गरेको भोली पल्ट उपचारको क्रममा उनको मृत्यु भएपछी संतोष फरार भएका थिए।

कर्तव्य ज्यानका संतोष र सवारी अंगभंगका आरोपी विश्वनाथ अमातलाई शुक्रवार सप्तरी जिल्ला अदालतबाट म्याद थपेर अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

## ब्ल्याङ्केट वितरण

**राजविराज**/सप्तरीको कंचनरुप नगरपालिकामा एकल महिलालाई ब्ल्याङ्केट वितरण गरिएको छ। चिसोका कारण पीडित बनेका गरिब असहाय २ सय ३ जना एकल महिलालाई ब्ल्याङ्केट वितरण गरिएको हो।

महिला बालबालिका तथा ज्येस्ठ नागरिक मन्त्री नवलकिशोर साहको सहयोगमा एकल महिला आत्मनिर्भरता तथा पुनर्स्थपना केन्द्र नामक संस्थाले ब्ल्याङ्केट वितरण गरेका छन्।

संस्थाकी अध्यक्ष जुही ठाकुर, हनुमाननगर कंकालिनी नगरपालिकाका पूर्व मेयर शैलेश साह, समाजसेवी बिरेन्द्र खड्ग लगायतकाले एकल महिलाहरुलाई ब्ल्याङ्केट वितरण गरेका थिए।

कमाई गर्ने श्रीमान वितेपछी कस्टकर जीवन विताईरहेका एकल महिलालाई केही सहज होस भन्ने उदेश्यले ब्ल्याङ्केट वितरण गरिएको अध्यक्ष ठाकुरले बताईन्।

उक्त संस्था अहिले जिल्लाको १८ वटै पालिकामा एकल महिला वडा र नगर समिति गठन गरी सशक्तीकरण अभियान नै चलाउँदै आएको छ।


लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं।

**अनुरोधकर्ता**
**शम्भुनाथ नगरपालिका**
**नगर कार्यापालिकाको कार्यालय**
सप्तरी, मधेश प्रदेश


# अन्तर्राष्ट्रिय समाचार

## महाकुम्भ मेलामा ५० करोडको आगमन

**प्रयागराज**/भारतीय रेलवेका अनुसार शनिबार बिहान ६ बजेसम्म प्रयागराज रेलवे स्टेशनबाट २.७९ लाख भन्दा बढी यात्रुहरू रेलमा चढेका थिए। शुक्रबार प्रयागराजबाट कुल ३२८ ट्रेनहरूमा १०.४७ लाख भन्दा बढी यात्रुहरूले यात्रा गरे। यसैबीच, केन्द्रीय मन्त्री पियुष गोयलले शनिबार प्रयागराजमा चलिरहेको महाकुम्भको भ्रमणलाई भावनात्मक क्षणको रूपमा वर्णन गर्नुभयो। एएनआईसँग कुरा गर्दै उहाँले भन्नुभयो," विश्वको सबैभन्दा ठूलो धार्मिक कार्यक्रम भारतको सामूहिक भावनाको उदाहरण हो। यो वास्तवमै एक भावनात्मक क्षण हो, जुन म महाकुम्भमा आउन पाउँदा धन्य महसुस गर्छु।" "यो भारतको सामूहिक भावनाको उत्कृष्ट उदाहरण हो। भारत र विदेशबाट ५० करोड भन्दा बढी मानिसहरूले महाकुम्भको भ्रमण गरेका छन्, जसले भारतको बढ्दो शक्तिलाई देखाउँछ।" महाकुम्भको महत्व माथि प्रकाश पार्दै उहाँले युवाहरुलाई हिन्दू परम्परासँग जोडिन प्रेरित गर्ने बताउनुभयो। यसैबीच, पवित्र त्रिवेणी सङ्गममा पवित्र स्नान गर्न शनिबार ठूलो सङ्ख्यामा भक्तजन भेला भएका छन्। उत्तर प्रदेश सरकारका अनुसार त्रिवेणी सङ्गममा शनिबार बिहान ९ बजेसम्म ३३ लाख २४ हजारभन्दा बढी भक्तजनले स्नान गरेका थिए। एजेन्सी

## पाकिस्तानमा सैन्य कारबाहीमा १५ आतंककारी मारिए

**इस्लामावाद**/पाकिस्तानको उत्तरपश्चिमी खैबर पख्तुनख्वा (केपी) प्रान्तमा छुट्टाछुट्टै कारबाहीमा चार सैनिक र १५ आतङ्ककारी मारिएको सेनाले शनिबार जनाएको छ। पाकिस्तानी सेनाको मिडिया शाखा इन्टर-सर्भिसेस पब्लिक रिलेसन्स (आईएसपीआर) ले सुरक्षा बलहरूले केपीको डेरा इस्माइल खान र उत्तरी वजिरिस्तान जिल्लाहरूमा गुप्तचरमा आधारित अपरेशन सुरु गरेको एक विज्ञप्तिमार्फत जनाएको छ। डेरा इस्माइल खान जिल्लामा सुरक्षा बल र आतङ्ककारीहरू बीचको भिडन्तमा नौ आतङ्ककारीहरू मारिए। आईएसपीआरले उत्तरी वजिरिस्तानमा छ आतङ्ककारी मारिएको बताएको छ। साथै, सेना र आतङ्ककारीहरू बीचको भीषण बन्दुकधारीमा चार पाकिस्तानी सैनिकहरूले पनि ज्यान गुमाएका छन्। यस क्षेत्रमा अन्य आतङ्ककारीहरूको उपस्थितिलाई समाप्त गर्न अपरेशन चलिरहेको छ। एजेन्सी

## अमेरिकी तेल र ग्यास उत्पादन बढाउन राष्ट्रपति ट्रम्पको निर्देशन

**वासिङ्टन**/अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकी जीवाश्म इन्धनको उत्पादन र निर्यातलाई बढावा दिन नयाँ परिषद स्थापना गर्न शुक्रबार एक कार्यकारी आदेशमा हस्ताक्षर गर्नुभएको छ। अमेरिकी घरेलु तेल र ग्याँस उत्पादनलाई आंशिक रूपमा निर्यातको लागि नेतृत्व लिने जिम्मा दिइएको, राष्ट्रिय ऊर्जा प्रभुत्व परिषदको अध्यक्षता आन्तरिकमामिला मन्त्री डग बर्गमले गर्नुहुनेछ। ट्रम्पले राष्ट्रपति कार्यालयभित्र कार्यकारी आदेशमा हस्ताक्षर गरिरहँदा बर्गमले भन्नुभयो, ट्रम्पले शुक्रबार एक लाइसेन्समा हस्ताक्षर गर्नुभएको छ जसले अमेरिकी राज्य लुइसियानामा कमनवेल्थ एलएनजीलाई तरलीकृत प्राकृतिक ग्यास (एलएनजी) निर्यात गर्न अनुमति दिनेछ। नयाँ निर्देशनसँगै नयाँ अपतटीय तेल र ग्यास ड्रिलिङमा बाइडेनको निर्देशनमा प्रतिबन्ध लगाइएको लगभग ६३५ मिलियन एकड (२.५७ मिलियन वर्ग किलोमिटर) अपतटीय सङ्घीय जल क्षेत्र अब तेल र ग्यास उत्पादनको लागि खुला भएको छ। राष्ट्रपति ट्रम्पले भन्नुभयो, "यदि तपाईं यसलाई कम्पनीको दृष्टिकोणबाट हेर्नुहुन्छ भने, तपाईं नेट वर्थको पक्षमा हनुहुन्छ भन्ने बुझिन्छ। उनीहरूले हाम्रो नेटवर्थ नष्ट गरेका छन्। हामी यसलाई फिर्ता गर्दैछौं।" एजेन्सी

## फिलिपिन्समा डेङ्गुको प्रकोप

**मनिला**/फिलिपिन्सको राजधानी मनिलाको सबैभन्दा बढी जनसङ्ख्या भएको क्वेजोन नगरमा डेङ्गुको प्रकोप फैलिएको छ। क्वेजोनका नगर प्रमुखले शनिबार डेङ्गुको प्रकोप फैलिएको घोषणा गर्दै नागरिकहरूलाई आवश्यक सावधानी अपनाउन आग्रह गर्नुभएको हो। क्वेजोन शहरका प्रमुख जोय बेलमोन्टका अनुसार जनवरी १ देखि फेब्रुअरी १४ सम्मको अवधिमा शहरको स्वास्थ्य विभागले एक हजार ७६९ बिरामीहरूमा डेङ्गु सङ्क्रमण भएको पुष्टि गरेको छ। यो सङ्क्रमण दर गत वर्षको तुलनामा लगभग २०० प्रतिशत बढी हो। बेलमोन्टका अनुसार यो बर्ष आठ नाबालकसहित १० जनाको यस रोगका कारण मृत्यु भएको छ। बेलमोन्टले भन्नुभयो, "डेङ्गुको प्रकोपको हाम्रो घोषणा सङ्क्रमणको स्थितिको शीर्ष अवस्थामा रहेको जानकारी गराउन भएको हो।" उहाँले भन्नुभयो, "हामी हाम्रा बासिन्दाहरूलाई यस घातक रोगबाट, विशेष गरी हाम्रा बच्चाहरूलाई बचाउन सक्दो प्रयास गरिरहेका छौं भन्ने सुनिश्चित गर्दछ।" सङ्क्रमितमध्ये ५८ प्रतिशत पाँचदेखि १७ वर्ष उमेर समूहका विद्यालय जाने उमेरका बालबालिका रहेका छन् भने ४४ प्रतिशत एकदेखि १० वर्ष उमेर समूहका बालबालिका रहेका छन्। "डेङ्गुको निदानलाई सम्बोधन गर्ने कार्यका लागि प्राथमिक समाधानको रूपमा सबै ६६ शहर स्वास्थ्य केन्द्रहरू सप्ताहन्तमा बिहान ८ बजेदेखि साँझ ५ बजेसम्म खुला रहनेछन्," बेलमोन्टले भन्नुभयो। फिलिपिन्सको स्वास्थ्य विभागले पानी र खानाबाट सर्ने रोग, इन्फ्लुएन्जाजस्ता रोग, लेप्टोस्पायरोसिस र डेङ्गुजस्ता रोग बढेको उल्लेख गरेको एक दिनपछि यो शहरमा डेङ्गुको प्रकोप घोषणा भएको हो। सरकारी तथ्याङ्कअनुसार सन् २०२० सम्ममा क्वेजोन शहरको जनसंख्या करिब ३० लाख रहेको थियो। एजेन्सी

# हाम्रो समाजको साधारण सभा सम्पन्न




**राजविराज**/समाजसेवामा सक्रिय हाम्रो समाज नेपालको १३औं साधारणसभा शनिवार सम्पन्न भएको छ।

समाजका अध्यक्ष रामनारायण शर्माको अध्यक्षतामा आयोजित साधारणसभामा महादेवा गाउँपालिका अध्यक्ष सुनिलकुमार मण्डलले पालिकासँगको समन्वयमा समाजले २२ वटा विद्यालयमा शिक्षा तथा स्वास्थ्य क्षेत्रमा पुऱ्याएको विशेष योगदानको प्रशंसा गर्नुहुँदै आभार व्यक्त गरे।

प्रमुख अतिथि मंडलले समाजले शिक्षा, स्वास्थ्य तथा विपत्ति राहत क्षेत्रमा पुऱ्याएको योगदान अत्यन्त सराहनीय रहेको उल्लेख गर्दै आगामी दिनमा थप प्रभावकारी कार्यक्रमहरु सञ्चालन गर्न सबै पक्षसँग सहकार्य गर्ने प्रतिबद्धता जनाए।

समाजका व्यवस्थापक कृतनारायण शर्माले संस्थाको उद्देश्य तथा उपलब्धिहरुबारे जानकारी दिनुहुँदै गरीब तथा दलित समुदायको जीवनस्तर सुधार गर्न शिक्षामा प्राथमिकता दिएको बताए।

उहाँले समाजको २०६७ सालमा स्थापना भएदेखि हालसम्म ८ ओटा महत्वपूर्ण परियोजनाहरू सफलतापूर्वक सम्पन्न गरिसकेको र त्यसमा शिक्षा तथा स्वास्थ्य प्रमुख रहेको बताए।

ग्रामीण बालिका तथा महिला शिक्षा परियोजना अन्तर्गत महादेवाका १४ गाउँका ९७५ छात्रवृत्ति वितरण, लामखुट्टे नियन्त्रण परियोजनाअन्तर्गत ९७२ परिवारलाई झुल वितरण गरेको जानकारी दिए।

यसैगरी प्राकृतिक विपत्ति तथा राहत कार्यक्रम अन्तर्गत अग्निपीडित १५० परिवारलाई राहत, बाढीपीडित ९७ परिवारलाई सहयोग, ११ परिवारका लागि नयाँ घर निर्माण, २८ परिवारका घर मर्मत, ५८ परिवारमा शौचालय निर्माण गर्नुको साथै बीउबिजन वितरण कार्यक्रम सञ्चालन गरिएको बताएजस्ए।

कोरोना महामारी राहत कार्यक्रम अन्तर्गत सात हजार ३३३ किलो चामल तथा दाल २६७ परिवारलाई खाद्यान्न राहत वितरणसँगै अपाङ्ग संस्थालाई सहयोग गरेको उहाँले बताए।

हाल समाजको सहयोगमा ८१ बालिका अध्यनरत रहेको भन्दै उहाँले आगामी योजनाहरूमा थप छात्रवृत्ति, ट्युसन कक्षा, महिला शिक्षामा वृद्धि तथा अपाङ्ग संस्थालाई सहयोग समावेश गरेको जानकारी दिए।

साधारण सभामा समाजका सहव्यवस्थापक बैजनाथ यादवले संस्थाको १६ लाख ८१ हजारको आयव्यय प्रस्तुत गर्नु भएको थियो भने कार्यक्रमा महादेवा गाउँपालिका उपाध्यक्ष अर्चना यादवको थियो।

# विटौरी जग्गा बाहकलाई लालपूर्जा दिन माँग

**राजविराज**/राजविराज नगरपालिकाले सात बर्षपछि बिहिबार सार्वजनिक सुनुवाईको आयोजना गरेको छ।

सार्वजनिक सुनवाई कार्यक्रममा सहभागी नागरिक अगुवाहरुले बिटौरी जग्गाको समस्या समाधान गरेर लालपुर्जा उपलब्ध गराउन माग गरेका छन्।

राजविराज नगरपालिकाले आयोजना गरेको "नगरपालिकाबाट संचालित आयोजना कार्यक्रम तथा सेवा प्रवाह सम्बन्धि सार्वजनिक सुनवाई कार्यक्रममा वक्ताहरुले पुस्तौ देखी वसोवास गर्दै आएको ५ हजार भन्दा बढी विटौरी जग्गा बाहकहरुले हाल सम्म लालपूर्जा पाउन नसक्दा समस्यामा परेको गुनासो पोखे।

सहभागीहरुले समस्याको समाधान नखोजिए आन्दोलन चर्काउने चेतावनी समेत दिए। कार्यक्रममा बोल्दै पूर्व मन्त्री समेत रहेका राजविराज नगरपालिकाका पूर्व मेयर अनिस अन्सारीले नगरको मुख्य बजार क्षेत्रमा वसोवास गर्दै आएका ५ हजार भन्ज्दा बढी परिवार लालपूर्जा नपाउँदा समस्यामा परेको बताए।

उनले लालपुर्जा आफनो नाममा भएकै कारण नक्शा पास लगायतका काम रोकिएको बताउँदै जग्गा वापत नगरपालिकाबाट पाएको रसिदमा उल्लेखित जग्गा बैंक तथा वित्तिय संस्थामा धितो राखी ऋण कर्जा लिएर ब्यापार व्यवसाय गर्दै आएकोमा हाल सो सेवा सुविधा पनि बन्द भएको उल्लेख गरे।

नेपाली काँग्रेसका यूवा नेता इरसाद अन्सारीले विटौरी जग्गाको वर्षौ देखि कर लिने गरेको राजविराज नगरपालिका तथा सम्बन्धित कार्यालयले नक्शा पास र लालपुर्जा उपलब्ध न गराउँदा बैकले पनि त्यस्तो जग्गा स्वीकार गर्न नमानेको बताए।

उनले जग्गा धितो राखेर ऋण लिन नपाएको कारण यहाँको व्यापार व्यवसायढ चौपट हुनुका साथै शिक्षा, उपचार लगायतका कार्य समेत प्रभावित बन्न पुगेको गुनासो गरे।

अविलम्ब यसको समाधान न खोजिए केही दिन भित्रै संघर्षका कार्यक्रमहरु घोषणा गरी आन्दोलन चर्काउने चेतावनी समेत उनले दिए।

१८ कार्यक्रममा प्रमुख प्रशासकिय अधिकृत डा.श्रवण साहले नगरपालिकाको आ.व.२०८०/०८१ मा संचालन हुने आयोजना बारे विस्तृत विवरण सार्वजनिक गरे।

कार्यवाहक नगरप्रमुख इसर परवीनको अध्यक्षता तथा जिल्ला सम्वन्य समिति सप्तरीका प्रमुख शिवनारायण साहको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा जिल्ला समन्वय अधिकारी कुन्दन कर्ण लगायतले पनि आ-आफनो सुझाव राखेका थिए।

### मधेश कृषि...

विश्वविद्यालयमा कृषि, पशु, माछा र खाद्य प्रविधी विज्ञान गरी ४ वटा अध्यनरत एकसय विद्यार्थीको पठन पाठन ठप्प भएको छ।

विश्व विद्यालयका उपकुलपती डा.बैद्यनाथ महतोले विश्वविद्यालयमा देखिएका समस्या समाधानका लागी आफुले सम्बन्धित निकायमा पटक/पटक लिखित र मौखित ध्यानाकर्षण गराउँदा पनि आवश्यक पहल न हुदा यस्तो अवस्था सिर्जना भएको बताए।

प्रदेश सरकारले २०७८ साल मंसिर २७ गते राजविराजमा मधेश प्रदेश कृषि विश्वविद्यालयको स्थापना गरेको थियो।


## प्रजातन्त्रका मुलभूत मान्यता

- जनताको बहुदलीय लोकतान्त्रिक शासन प्रणाली,
- मौलिक हक र मानव अधिकार,
- आवधिक निर्वाचन,
- बालिग मताधिकार,
- नागरिक स्वतन्त्रता,
- स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका,
- कानूनी राज्यको अवधारणा,
- पूर्ण प्रेस स्वतन्त्रता,
- शक्ति पृथकीकरण, नियन्त्रण र सन्तुलन ।

नेपाल सरकार
विज्ञापन बोर्ड



## सप्तरीका रमणीय ठाउहरुबारे तपाईंलाई थाहा छ ?

सप्तरी जिल्ला पर्यटकीय गन्तव्यका लागि आकर्षक छ। तर, यसबारे धेरैलाई जानकारी छैन्। धार्मिक पर्यटकदेखि रमणीयस्थलहरु छन्। धार्मिक पर्यटनमा मुलुककै प्रसिद्ध एवं चर्चित छिन्नमस्ता मन्दिर यहीं जिल्लामा छन्। छिन्नमस्ता गाउँपालिकामा अविस्थत यो मन्दिरमा पूजापाठ गर्न टाढा टाढाबाट व्यक्तिहरु आउने गर्छन्। मन्दिर अगाडि रहेको पोखरी, पिकनिक स्पोर्ट, धर्मशाला समेत यहाँ रहेको छ।

**कंकालिनी मन्दिर :** हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर १ भारदहस्थित यो मन्दिर पनि मुलुककै चर्चित देवी मन्दिर हो।

**शम्भुनाथ मन्दिर :** यो शम्भुनाथ नगरपालिकाभित्र छ। मन्दिरकै नामबाट पालिकाको नामांकरण समेत गरिएको छ। यहाँ बिक्रम सम्वत्को नयाँ साल अर्थात् बैशाख १ गतेदेखि एक महिनासम्म ठूलो मेला लाग्ने गर्दछ। साउन महिनामा श्रद्धालुको ठूलो घुइँचो यहाँ लाग्ने गर्दछ।

**हनुमान मन्दिर :** हनुमानगर कंकालिनी नगरपालिकाको हनुमाननगर बजारमा पुरानो हनुमान मन्दिर छ। कालो हनुमान मन्दिर पुग्दा जोकोहि पनि मोहित हुन्छन्। जिल्लामा अन्य धेरै देवी देवताका मन्दिरहरु छन्।

**कोशी टप्पु :** कोशी टप्पु वन्यजन्तु आरक्ष पनि यहीं जिल्लामा छन्। कंचनरुप नगरपालिकास्थित आरक्षमा गैंडासहित बिभिन्न वन्यजन्तुहरुको अवलोकन गर्न सकिन्छ।

**धारापानी क्षेत्र :** चुरको कोखमा रहेको यो धारापानी क्षेत्र कंचनरुप नगरपालिकामा रहेको छ। यो ठाउँ पिकनिक मनाउनका लागि राम्रो स्थल मानिन्छ।

**लोहजारा दह :** तिरहुत गाउँपालिकामा रहेको छ यो दह। यो ठाउँ पिकनिक मनाउनका लागि प्रसिद्ध मानिएको छ यो ठाउँ। यी ठाउँहरुको अवलोकन गरौं र मनलाई प्रसन्न बनाऔं। **सप्तरीका पर्यटकीय स्थलहरुको संरक्षणमा आ-आफ्नो तर्फबाट योगदान पुऱ्याऔं।**

**जनहीतका लागि : उद्योग, बाणिज्य तथा पर्यटन मन्त्रालय, मधेश प्रदेश, पर्यटन विकास कार्यालय लहान, सिरहा**


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*